नेपाल सरकार

गृह मन्त्रालय

## सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलबाराही किर्तिपुर, काठमाण्डौ

### पुरानां जिन्सी सामानहरु तथा सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/११/१९ गते )

सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलबाराही किर्तिपुर काठमाण्डौमा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामनहरु तथा सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

<table>
<tr><th>सि.नं.</th><th>मालसामान तथा सवारी साधनहरुको विवरण</th><th>न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक)</th><th>बोलपत्र फाराम दस्तुर रु.</th><th>कैफियत</th></tr>
<tr><td rowspan="9">१</td><td>टाटा ईन्डिका कार थान - २</td><td rowspan="9">८,१६,२७८।-</td><td rowspan="9">१,०००।-</td><td rowspan="9">सवारी साधनहरु नामसारी नहुने</td></tr>
<tr><td>टाटा सुमो थान - १</td></tr>
<tr><td>टाटा लोड बडी ट्रक थान - १</td></tr>
<tr><td>टाटा वनटन ट्रक थान- १</td></tr>
<tr><td>टाटा ४०७ मिनि.बस थान- २</td></tr>
<tr><td>मोज्दा पिकअप थान- १</td></tr>
<tr><td>बजाज पल्सर मो.सा. थान- १</td></tr>
<tr><td>यामाहा वाईडी मो.सा. थान- २</td></tr>
<tr><td>पूराना ब्याट्री, भाडावर्तन, साईकल, फर्निचर, कम्प्यूटर आदी</td></tr>
</table>

बोलपत्र फाराम मिनाहामोजरा शाखा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय र यस कार्यालयबाट मिति २०७६/१२/०९ गतेको कार्यालय समय भित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम मिति २०७६/१२/१० गतेको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ र रितपूर्वक दर्ता भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलबाराही किर्तिपुर,काठमाण्डौको कार्यालय कोड नं. ३१४०५३५०९ को कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर काठमाण्डौको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय टेकु, काठमाण्डौको धरौटी खाता नं. १७००२०३ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु तथा सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु तथा सवारी साधनहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-४३३३७५५ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web Site:- www.apf.gov.np मा समेत राखिएको छ ।

(दिपेन्द्र शाह)
सशस्त्र प्रहरी उपरीक्षक
गणपति